# गढी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम

# आर्थिक वर्ष २०८३/०८४

# सत्रौँ गाउँसभा

**गढी गाउँपालिकाको सत्रौँ गाउँसभामा गाउँपालिका अध्यक्ष श्री आश नारायण चौधरीज्यू बाट प्रस्तुत आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम**

**मिति २०८३।०३।०९ गते मङ्गलवार**

गढी गाउँपालिका

**उपस्थित सभा सदस्यज्यूहरु,**

नेपालको संविधान बमोजिम दोश्रो कार्यकालमा निर्वाचित पाँचौँ आर्थिक वर्षको नीति तथा कार्यक्रम यस गरिमामय गढी गाउँपालिकाको गाउँसभामा सभाको अध्यक्षको हैसियतले पेश गर्न पाउँदा गौरवको महसुस गरेको छु।

यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना, दिगो तथा संस्थागत विकास गर्नको लागि नेपाली जनताले पटक-पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, मधेस आन्दोलन लगायत सबै किसिमका गौरवपूर्ण आन्दोलनहरूको स्मरण गर्न चाहन्छु । यसका साथै, पछिल्लो समय मुलुकमा सुशासन, सामाजिक न्याय, र व्यवस्थापकीय रूपान्तरणका लागि नयाँ पुस्ता अर्थात् जेन जी **(Gen Z)** का युवाहरूले सचेत नागरिकको रूपमा सडकदेखि प्रविधिसम्म चलाएको आन्दोलन, सचेतना र खबरदारीको समेत उच्च कदर गर्दछु, जसले हामीलाई नागरिकप्रति अझ बढी जिम्मेवार र पारदर्शी बन्न सधैँ ऊर्जा थपेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न जनआन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान वीर शहीदहरू प्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना तीन तहको सरकार हुने व्यवस्था गरे अनुसार संविधान बमोजिम तीनै तहले राज्य शक्तिको प्रयोग गर्ने व्यवस्था रहेको छ । तसर्थ संवैधानिक तथा कानूनी व्यवस्था अनुरुप गढी गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रही आवधिक तथा वार्षिक योजना, नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै आएको कुरा सबैलाई स्मरण गराउन चाहन्छु । संघीयताको वास्तविक अनुभूति जनताको निकट भई सेवा, विकास र सुशासन प्रवद्धन गर्नु हो । यसका लागि गढी गाउँपालिका नागरिकमैत्री सेवा प्रवाह जनताको मागमा आधारित विकास व्यवस्थापन र सामाजिक न्याय सहितको समृद्धि हासिल गर्न दृढ प्रतिबद्ध रहेको छ । स्थानीय तहको दोश्रो कार्यकालको **पाचौँ** वर्षको नीति तथा कार्यक्रम मार्फत समृद्ध गढी गाउँपालिकाको सपना साकार पार्न हाम्रो गाउँपालिको न्युन श्रोतले भ्याए सम्मका कुनै कसर बाँकी

नरा**ख्ने** संकल्प पेश गर्न चाहन्छु । आज हामी आम गढीवासीले हामीलाई आफ्नो अमूल्य मत दिइ निर्वाचित गराइ गढी गाउँपालिकाको समग्र विकासको लागि जिम्मेवारी सुम्पेको **चौथो** वर्ष व्यतित गरी **पाचौं** वर्षमा प्रवेश गरेका छौं । यस क्रममा हामीले गाउँपालिकाको सम्पूर्ण स्रोत साधनलाई पालिकाको चौतर्फी विकासको लागि परिचालित गरेको हामीलाई आभाष भएको छ । आम गढीबासीको चाहनालाई पूरा गर्नका लागि हामीले सक्दो प्रयास गरेका छौं ।

यस अवधिमा हामी सामु विभिन्न चुनौतिहरु देखा परे । विश्व आर्थिक मन्दीले नेपाललाई पारेको प्रभाव र राजश्व संकलनमा आएको गिरावटका कारण संघिय र प्रदेश सरकारबाट प्राप्त हुने रावश्व बाँडफाउँ र समानिकरण अनुदानमा भएको कटौतीले गर्दा आ.व.को अन्तमा आएर जनचाहनाका कतिपय कामहरु सम्पन्न गर्न नसकिएको प्रति हामी क्षमा चाहन्छौं । नेपालको सरकारको १६ औं आवधिक योजनाले लिएका लक्ष्य र उद्देश्यहरु दिगो विकासका लक्ष्यहरु, कोशी प्रदेश सरकारको **दोस्रो** आवधिक योजना र गढी गाउँपालिकाको दोश्रो पञ्चवर्षीय आवधिक योजना, आ.व. ०८**३**/०८४ को संघ तथा प्रदेशको नीति तथा कार्यक्रम र बजेटले मार्गनिर्देश गरेका लक्ष्यहरु विभिन्न समयमा विषयगत समितिले दिएका सुझावहरु कार्यान्वयन गर्ने प्रतिबद्धता सभा समक्ष पेश गर्दछु ।

आ.व. ०७८/०७९ देखि नै संघीय समानीकरण अनुदान तथा राजश्व बाँडफाँड बाट प्राप्त हुने आय र पालिकाको आफ्नै आन्तरिक श्रोतबाट प्राप्त राजश्व कमजोर हुँदा आयोजना तथा कार्यक्रमहरु सोही वर्ष कार्यान्वयन हुन नसकी दायित्व सर्दै गई पछिल्लो आर्थिक वर्षका बजेटहरु प्रभावित हुँदै गएको कुरा सभालाई जानकारी गराउन चाहन्छु । संघीय राजश्व बाँडफाँड तथा संघीय समानीकरण अनुदान र आन्तिरिक आय प्रक्षेपण अनुसार उपलब्ध नहुँदा न्युन बेतनामा काम गर्ने पालिका श्रोतका शिक्षक तथा कर्मचारी वार्षिक कार्यक्रम र बजेट सिलिङ्ग अनुरुपका विभिन्न आयोजना तथा कार्यक्रमहरु समयमै भुक्तानी दिन नसकिएको यथार्थ सभा समक्ष राख चाहन्छु । पालिकाको कमजोर आर्थिक, सामाजिक तथा मानोवैज्ञानिक बेचैनमा पनि गाउँपालिकाले शिक्षा, स्वास्थ्य, कृषि र पशु, सडक, खानेपानी तथा सरसफाई, सिंचाई, सामाजिक सुरक्षा तथा संरक्षण, विपद् व्यवस्थापन, काम रोजगारी, सार्वजनिक सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण तथा पारदर्शिता, सुशासन र विधिको शासन, विकास व्यवस्थापन, बेरुजु न्युनीकरण लगायतको क्षेत्रमा उल्लेख्य उपलब्धी हासिल गरेको व्यहोरा सूचित गर्दछु ।

**उपस्थित सभा सदस्यज्यूहरु,**

यसै पृष्ठभूमिमा, नयाँ पुस्ताको चाहना र आम नागरिकको आवश्यकतालाई शिरोधार्य गर्दै हाम्रो सीमित स्रोत र साधनको अधिकतम सदुपयोग गरी यस गरिमामय गाउँसभा समक्ष चालू आर्थिक वर्ष २०८२/८३ मा हासिल भएका प्रमुख र गौरवपूर्ण उपलब्धीहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**कृषि विकास सम्बन्धमाः**

अब म चालू आर्थिक वर्ष २०८२/०८३ मा **कृषि विकास**को क्षेत्रमा यस गाउँपालिकाले हासिल गरेका महत्वपूर्ण उपलब्धीहरूलाई विस्तृत रूपमा प्रस्तुत गर्दछु:

- उन्नत गहुँको बीउ वितरण अन्तर्गत ५० प्रतिशत अनुदानमा कृषकहरूलाई गहुँको उन्नत बीउ उपलब्ध गराइएको छ, जसमा ९७२ के.जी. बराबरको प्रभावकारी व्यवस्थापन गरिएको छ ।
- उन्नत मकैको बीउ वितरण अन्तर्गत मकैको उत्पादकत्व बढाउन जम्मा ८,८८० के.जी. उन्नत मकैको बीउ (अरुण, एन.एस. १७३१, गौरव र विन्टर जातका) ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ ।
- प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रममा दिगो कृषि विकासका लागि ५ वटा पावर टेलर, १४ वटा इलेक्ट्रिक स्प्रेयर, ७० बोरा गड्यौले मल, ५१ वटा मल्चिङ प्लास्टिक, १७ वटा त्रिपाल, ६ वटा डिजिटल तराजु र १ वटा सिँचाई मोटर ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ ।
- मकै खेती प्रवर्द्धन अन्तर्गत मकै बालीको आधुनिकीकरणका लागि ३ वटा मकै छोडाउने मेसिन, २ वटा मकै रोप्ने मेसिन, २ वटा रोटाभेटर, ३ वटा सिँचाई मोटर, १० वटा स्प्रेयर, ५ वटा तौल मेसिन, १९ वटा त्रिपाल र ६५ के.जी डेलिभरी पाइप कृषकलाई ५० प्रतिशत अनुदानमा हस्तान्तरण गरिएको छ ।
- तरकारी उत्पादन प्रवर्द्धन कार्यक्रमको प्रभावकारी संचालन गरि व्यावसायिक तरकारी खेतीतर्फ २ वटा पावर टेलर, २ वटा स्यालो ट्यूबवेल, ३ वटा रोटाभेटर, ६ वटा स्प्रे

ट्याङ्की, १० वटा मल्चिङ प्लास्टिक, १० वटा कोदालो, ९ वटा त्रिपाल, २०० के.जी डेलिभरी पाइप र १ वटा तराजु ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ।

- डिप ट्यूबवेल सिँचाई आयोजन संचालन गरि बाह्रै महिना सिँचाई सुविधा पुऱ्याउने दीर्घकालीन लक्ष्यसहित रु ८१ लाख लागतको डिप ट्यूबवेल सिँचाई आयोजनाको टेण्डर आव्हान भई हाल सम्झौताको अन्तिम चरणमा रहेको छ।
- किसान सूचीकरण तथा तथ्याङ्क संकलन मार्फत वास्तविक किसान पहिचान र योजना तर्जुमालाई वैज्ञानिक बनाउन किसान सूचीकरण र कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी व्यावसायिक डाटा संकलनको कार्य तीव्र रूपमा अगाडि बढिरहेको छ।

**पशु पंक्षी विकास सम्बन्धमाः**

- पशुहरूको उत्पादकत्व बढाउन गाउँपालिकाले सञ्चालन गरेको "कृत्रिम गर्भाधान मिसन कार्यक्रम" मार्फत हालसम्म ६६७ वटा पशुवस्तुहरूमा सफल कृत्रिम गर्भाधान गराई उन्नत जातका पशु उत्पादनमा महत्त्वपूर्ण सफलता हासिल गरिएको छ।

- पशुधनको सुरक्षाका लागि पालिकाले व्यापक खोप अभियान सञ्चालन गरेको छ। जस अन्तर्गत आकस्मिक रूपमा २६ वटा पशुहरूमा रेबिज विरुद्धको खोप लगाइएको छ भने रैथाने महामारीका रूपमा फैलिने पि.पि.आर. र क्लासिकल स्वाइन फिवर विरुद्धको खोप कार्यक्रम पूर्ण रूपमा सम्पन्न गरिएको छ। साथै, खोरेत रोग विरुद्धको दोस्रो चरणको खोप कार्यक्रम हाल तीव्र गतिमा सञ्चालन भइरहेको छ।

- व्यावसायिक पशुपालनलाई बढावा दिन पालिकाको संयोजनमा वडा नं. ६ को आन्शी कृषि फर्म र वडा नं. ४ को श्वेत भैरव बहुमुखी कृषि फर्म लाई गाई/भैँसी श्रोत केन्द्रका रूपमा प्रवर्द्धन गरिएको छ। यसै गरी, वडा नं. १ को श्री आशा कुमारी बहुउद्देश्य कृषि तथा पशुपन्छी फर्म मार्फत आधुनिक बङ्गुर प्रवर्द्धन कार्यक्रम र वडा नं. ६ को आर्या कृषि फर्म, वडा नं. २ को बस्नेत बाख्रा फर्म एवं यादव पशुपालन, र वडा नं. ४ को दुखनी बहुउद्देश्य कृषि फर्म मार्फत बाख्रापालनमा उन्नत बीउ बोका वितरण गरी नश्ल सुधारका कार्यहरू अघि बढाइएको छ।

- पशुपालक कृषकहरूको श्रम र समय बचत गर्दै प्रविधिमैत्री बनाउन गाउँपालिकाले कृषकहरूलाई ५० प्रतिशत (५०%) अनुदानमा च्यापकटर (घाँस काट्ने मेसिन) वितरण गर्ने कार्य अन्तिम चरणमा रहेको छ।

- कृषकहरूलाई प्रत्यक्ष राहत पुऱ्याउने उद्देश्यले गाउँपालिकाले आवश्यक औषधिहरू खरिद गरी हालसम्म ६,३२२ (छ हजार तीन सय बाइस) वटा पशुवस्तुहरूको निःशुल्क स्वास्थ्य उपचार तथा औषधि वितरण कार्य सफलतापूर्वक सम्पन्न भएको छ।

**उद्यम विकास सम्बन्धमा:**

चालु आर्थिक वर्ष २०८२/०८३ मा गढी गाउँपालिकाको उद्योग विकास शाखा मार्फत स्थानीय आर्थिक सशक्तिकरण र रोजगारी सिर्जनाका लागि महत्त्वपूर्ण सीपमूलक कार्यक्रमहरू सम्पन्न भएका छन्।

- घरेलु तथा साना उद्योगको सहयोगमा १८ जनालाई 'लेडिज चप्पल' निर्माण तालिम र थप १८ जनालाई **'CSEB इन्टरलक ब्लक'** उत्पादन सम्बन्धी तालिम प्रदान गरिएको छ। ब्लक उत्पादन समूहलाई लागत साझेदारीमा कंक्रिट मिक्सर मेसिन समेत हस्तान्तरण गरिएको छ, जसबाट १२ जना प्रत्यक्ष पूर्ण रोजगारीमा जोडिनुभएको छ।
- स्थानीय सम्भावनालाई मध्यनजर गर्दै २४ जनालाई दालमोठ-भुजिया उत्पादन र २२ जना महिलालाई च्याउ उत्पादन तालिम प्रदान गरी उद्यमशील गतिविधिमा संलग्न गराइएको छ।

**श्रम तथा रोजगार सम्बन्धमा:**

- चालु आर्थिक वर्ष २०८२/०८३ मा श्रम तथा रोजगारीको क्षेत्रलाई व्यवस्थित र उत्पादनमुखी बनाउन राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत महत्वपूर्ण प्रयासहरू गरिएका छन्। यस कार्यक्रमका लागि विनियोजित कुल रकम मध्ये स्थानीय तहको ५० प्रतिशत पालिकास्तर साझेदारी रहने प्रावधान अनुरुप वडा नं. ६ मा विनियोजित बजेटबाट साझेदारी कार्य सफलतापूर्वक सम्पन्न गरिएको छ। यस कार्यबाट स्थानीय स्तरमा न्यूनतम रोजगारी सृजना भई

गढी गाउँपालिका

२४ जना विपन्न तथा बेरोजगार नागरिकहरू प्रत्यक्ष लाभान्वित हुनुभएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु।

- वैदेशिक रोजगारीबाट आर्जित सीप, पूँजी र अनुभवलाई स्थानीय तहकै विकासमा उपयोग गर्ने नीति अनुरुप यसै आर्थिक वर्षमा 'रिटर्नी' **(Returnee)** उद्यमीहरूलाई लक्षित गरी ७ दिने उद्यमशिलता विकास तालिम सफलतापूर्वक सम्पन्न गरिएको छ। यसका साथै, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरू र पालिकाका विषयगत शाखाहरूबीच उद्यमशिलता प्रवर्द्धन तथा स्थानीय रोजगारीका अवसरहरूका विषयमा सरोकारवालाहरूसँग गहन छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ, जसले आगामी दिनमा आन्तरिक रोजगारी सृजनामा बलियो जग बसाल्ने विश्वास लिइएको छ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र सूचनामूलक बनाउन स्थानीय तहका समुदाय स्तरमा वैदेशिक रोजगार सम्बन्धी सचेतना तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ। श्रम र श्रमिकको आत्मसम्मानलाई प्रवर्द्धन गर्न राष्ट्रिय अभियानका रूपमा अघि सारिएको 'श्रमको सम्मान, राष्ट्रको अभियान' कार्यक्रमलाई आगामी कार्ययोजनामा समावेश गरी चाडै कार्यन्वयनमा ल्याइने प्रतिबद्धता व्यक्त गर्दछु ।
- आगामी दिनमा कार्यक्रमहरूको प्रभावकारी अनुगमन, मूल्याङ्कन तथा थप रणनीतिक योजना तय गर्नका लागि स्थानीय तह कार्यक्रम कार्यान्वयन समिति को बैठक तत्कालै डाकी बाँकी रहेका प्रशासनिक तथा नीतिगत कार्यहरूलाई तदारुकताका साथ सम्पन्न गरिनेछ ।

**शिक्षा विकास सम्बन्धमाः**

- विद्यालय पहुँचमा वृद्धि र भर्ना अभियान: गाउँपालिका क्षेत्रभित्र विद्यालय बाहिर रहेका बालबालिकाहरूको पहिचान गरी उनीहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याउन विशेष भर्ना अभियान सफलतापूर्वक सञ्चालन गरिएको छ। यसबाट विपन्न, सिमान्तकृत तथा लक्षित वर्गका बालबालिकाहरूको विद्यालयमा पहुँच सुनिश्चित भई खुद भर्ना दरमा सकारात्मक वृद्धि भएको छ।

- सूचना प्रविधि (**ICT**) को प्रयोग र शिक्षण सिकाइमा सुधार: शैक्षिक क्षेत्रलाई आधुनिक र प्रविधिमैत्री बनाउने नीति अनुरूप यस गाउँपालिकाका २४ वटा सामुदायिक विद्यालयका **ICT** स्रोत शिक्षकहरूको क्षमता विकास कार्यक्रम सम्पन्न गरिएको छ। साथै, विद्यालयहरूको नियमित सुपरिवेक्षण, सघन कक्षा अवलोकन तथा शिक्षकहरूको निरन्तर पेसागत सहयोगका माध्यमबाट कक्षाकोठा भित्र सूचना प्रविधिको प्रयोगलाई व्यापक बनाउँदै शिक्षण सिकाइको समग्र गुणस्तरमा सुधार ल्याइएको छ।

- विषयगत शिक्षक व्यवस्थापन र नतिजामा सुधार: सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुनिश्चित गर्न विद्यालयहरूमा लामो समयदेखि रिक्त रहेका दरबन्दीहरूमा विषयगत शिक्षकहरूको व्यवस्थापन गरिएको छ। यस कार्यबाट शिक्षण सिकाइ थप प्रभावकारी भई विद्यार्थीहरूको सिकाई उपलब्धि र समग्र नतिजामा उल्लेखनीय सुधार आएको छ।

- छात्रवृत्ति, प्रोत्साहन तथा शैक्षिक सामग्रीको समयमै वितरण: विद्यालयहरूमा आवश्यक शैक्षिक सामग्री र विभिन्न प्रशासनिक एवं प्रोत्साहन अनुदान रकमहरू समयमै उपलब्ध गराई शैक्षिक व्यवस्थापनलाई सुदृढ गरिएको छ। यसका साथै, आर्थिक अभावका कारण उच्च शिक्षाबाट बञ्चित हुन नदिन यस आर्थिक वर्षमा उच्च शिक्षामा अध्ययनरत ८ जना जेहेन्दार विद्यार्थीहरूलाई विशेष छात्रवृत्ति प्रदान गरी प्रोत्साहन गरिएको छ।

- किशोरी छात्राहरूको स्वास्थ्य संवेदनशीलतालाई ध्यानमा राख्दै उनीहरूको विद्यालयमा नियमितता सुनिश्चित गर्न गाउँपालिकाले विशेष कार्यक्रम सञ्चालन गरेको छ। यस अन्तर्गत कक्षा ६ देखि १२ सम्म अध्ययनरत करिब १,००० (एक हजार) छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड उपलब्ध गराइएको छ, जसका कारण छात्राहरूको विद्यालयमा उपस्थिति नियमित र उत्साहजनक बनेको छ।

- प्रधानाध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूका लागि क्षमता विकास तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी विद्यालयको आन्तरिक सुशासनलाई बलियो बनाइएको छ। शैक्षिक तथ्याङ्कलाई डिजिटल र पारदर्शी बनाउन

**EMIS** प्रणालीलाई अद्यावधिक गर्दै विद्यालय अनुगमनलाई नियमित गरी समग्र शिक्षा प्रशासनलाई थप जवाफदेही, छिटो र प्रभावकारी बनाइएको छ।

**खानेपानी तथा सरसफाई सम्बन्धमाः**

अब म चालू आर्थिक वर्ष २०८२/०८३ मा टोल विकास, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा यस गाउँपालिकाले हासिल गरेका महत्वपूर्ण उपलब्धीहरूलाई विस्तृत रूपमा प्रस्तुत गर्दछु:

- स्थानीय तहमा जनसहभागिता अभिवृद्धि गर्ने नीति अनुरूप गाउँपालिकाका ६ वटै वडाहरूमा टोल विकास संस्थाहरू सफलतापूर्वक गठन भई स्थानीय योजना तर्जुमा र कार्यान्वयनको प्रक्रियामा सक्रिय रूपमा परिचालन भइरहेका छन्।
- गठन गरिएका टोल विकास संस्थाहरूमा महिला दिदीबहिनीहरूको विशेष, अर्थपूर्ण र उत्सुकतापूर्ण सहभागिता रहेको छ, जसले गर्दा स्थानीय स्तरको संस्थागत नेतृत्व विकास र निर्णय प्रक्रियामा महिलाहरूको भूमिका अग्रणी बन्दै गएको छ।
- टोल विकास संस्थाहरूले आफ्नो कार्यक्षेत्र भित्र पर्ने स्थानीय बाटोघाटो, कुलो तथा नहर, सामुदायिक विद्यालयहरू, एवं खानेपानी तथा सरसफाइका क्षेत्रहरूलाई एकापसमा जोड्दै पूर्वाधारको रेखदेख र सरसफाइ अभियानमा अहम् भूमिका खेलिरहेका छन्।
- गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त क्षेत्र बनाउने अभियान अन्तर्गत यसै आर्थिक वर्षमा मात्र ६ वटै वडाका विपन्न तथा लक्षित समूह पहिचान गरी जम्मा २९० घरधुरीमा नयाँ र सुरक्षित शौचालयहरू निर्माण कार्य सम्पन्न गरिएको छ।
- नयाँ निर्माणका साथसाथै पालिकाभित्र पूर्ण सरसफाइको दिगोपना सुनिश्चित गर्नका लागि पुराना तथा मर्मत गर्नुपर्ने अवस्थामा रहेका विद्यमान शौचालयहरूको प्राविधिक सुधार तथा मर्मत-सम्भार कार्यलाई समेत प्रभावकारी रूपमा अगाडि बढाइएको छ।
- गाउँपालिका क्षेत्रलाई स्वच्छ, प्रदूषणरहित र सुन्दर बनाउनका लागि पालिकाभित्रका विभिन्न सामुदायिक विद्यालयहरू, स्वास्थ्य संस्थाहरू, मुख्य सडक किनाराहरू तथा टोल विकास संस्थाहरूको समन्वयमा डस्टबिनहरूको उचित व्यवस्थापन गरिएको छ।

- आगामी वर्षहरूमा फोहोरमैलाको स्रोतका रूपमै वर्गीकरण र उचित व्यवस्थापन गर्ने कार्यलाई थप संस्थागत र दिगो बनाउनका लागि लक्षित समुदाय र सार्वजनिक स्थलहरूमा डस्टबिन वितरण कार्यलाई व्यापक रूपमा निरन्तरता दिइएको छ ।

**न्यायिक निरुपण सम्बन्धमाः**

अब म यस गरिमामय सभा समक्ष चालू आर्थिक वर्ष २०८२/०८३ मा न्यायिक निरुपण तथा स्थानीय न्याय सम्पादनको क्षेत्रमा यस गाउँपालिकाले हासिल गरेका मुख्य उपलब्धीहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु:

- चालू आर्थिक वर्षमा गाउँपालिकाको न्यायिक समितिमा कूल ३४ वटा उजुरी निवेदनहरू दर्ता भएकोमा १२ वटा विवादहरूको सफल फस्र्यौट भइसकेको छ भने बाँकी प्रक्रियामा रहेका छन्।
- स्थानीय स्तरमै न्याय निरुपण तथा विवाद समाधानलाई सहज र सर्वसुलभ बनाउन सबै वडाहरूमा वडास्तरीय मेलमिलाप केन्द्र गठन गरिएको छ।
- सूचीकृत मेलमिलापकर्ताहरूको कार्यक्षमता र कुशलता बढाउन क्षमता अभिवृद्धि तालिम कार्यक्रमहरू सञ्चालन गरिनुका साथै उनीहरूसँग नियमित रूपमा बैठक तथा अन्तरक्रिया कार्यक्रमहरू निरन्तर रूपमा आयोजना हुँदै आएका छन्।

**स्वास्थ्य सेवा सम्बन्धमाः**

अब म चालू आर्थिक वर्ष २०८२/०८३ मा स्वास्थ्य क्षेत्रतर्फ हासिल भएका मुख्य उपलब्धीहरू संक्षिप्त रूपमा प्रस्तुत गर्दछु:

- आधारभूत स्वास्थ्य सेवा केन्द्र होल्लैयाको निर्माण सम्पन्न गरी सेवा सुरु गरिएको छ । साथै, छिटाहा स्वास्थ्य चौकीलाई मापदण्ड पूरा गराई किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सुरु गरिएको छ ।
- वडा नं. ४ मा ३५५ जना महिलाको **HPV DNA** विधिबाट पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ गरी १९ जनाको **Thermocoagulation** (थ्रमोकोगुलेशन) विधिबाट उपचार

तथा प्रेषण गरिएको छ। साथै, वडा नं. ५ मा ५२ जना महिलाको फिस्टुला, आङ खस्ने समस्या र स्तन क्यान्सरको स्क्रिनिङ र उपचार व्यवस्थापन गरिएको छ।

- पालिकालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ र किशोरीहरूलाई **HPV** खोप प्रदान गरिएको छ। पोषणतर्फ ६७१ बालबालिकाको स्क्रिनिङ गरी मध्यम शिघ्र कुपोषण ११७ जना र अति शिघ्र कुपोषण १७ जना गरि जम्मा पहिचान भएका १३४ जनालाई **RUTF** (तयारी खाना) मार्फत व्यवस्थापन गरिएको छ।
- क्षयरोग सक्रिय खोजपड्ताल मार्फत १,१०६ जनालाई सेवा दिई पहिचान भएका ४० जनाको **DOTS** विधिबाट र कुष्ठरोगीहरूको पहिचान गरी नियमित औषधि उपलब्ध गराई उपचार भइरहेको छ।
- आकस्मिक सेवाका लागि 'एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि' स्वीकृतिका लागि कार्यपालिकामा पेस गरिएको छ । स्वास्थ्य संस्थाहरूमा १२ महिना नै औषधिको अभाव हुन नदिन **e-bid** प्रक्रियामार्फत औषधि र औषधिजन्य सामग्रीको पारदर्शी व्यवस्थापन गरिएको छ । साथै, विद्यालयहरूमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ ।

**भौतिक पूर्वाधार विकास सम्बन्धमा:**

अब म चालू आर्थिक वर्ष २०८२/०८३ मा यस गढी गाउँपालिकाले भौतिक पूर्वाधार विकासको क्षेत्रमा हासिल गरेका प्रमुख र गौरवपूर्ण उपलब्धीहरू यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु :

**प्रशासनिक तथा सेवामूलक भवन पूर्वाधार विकासतर्फ:**

- गाउँपालिकाको मुख्य प्रवेशद्वार, पर्खाल, चमेनागृह तथा परिसर व्यवस्थापन (**Main Gate, Wall, Canteen and Landscaping)** अन्तर्गत कम्पाउण्ड वालको जग, सटर, क्यान्टिन, गेट, फाउण्डेशन र फेन्सिङ बाउण्ड्री वालहरूको डिजाइन अनुरुप निर्माण कार्य निरन्तर रूपमा अगाडि बढिरहेको व्यहोरा अनुरोध गर्दछु।

गढी गाउँपालिका

- वडा नं. १ मा योग प्रशिक्षण केन्द्र सामुदायिक भवन निर्माण अन्तर्गत भवनको सेप्टिक ट्याङ्क तथा वाल लगाउने काम सम्पन्न भई, छत ढलानको कार्य समेत पूरा गरी हाल डिजाइन अनुसारका बाँकी कार्यहरू द्रुत गतिमा भइरहेका छन्।
- स्वास्थ्य क्षेत्रको पूर्वाधार सुदृढीकरण अन्तर्गत वडा नं. ५ को आधारभूत स्वास्थ्य चौकी भवन निर्माण कार्यमा उल्लेखनीय प्रगति हासिल गर्दै भवनको सेप्टिक ट्याङ्क, वाल र छत ढलान सहितका मुख्य संरचनात्मक कार्यहरू सफलतापूर्वक सम्पन्न भइसकेका छन्।
- यसैगरी, वडा नं. १ मा विगतदेखि अधुरो रहेको सामुदायिक महिला भवनको निर्माण कार्य यसै आर्थिक वर्षमा पूर्ण रूपमा सम्पन्न गरिएको छ भने औरावनी चोकमा थारु कल्याणकारी भवनको निर्माण कार्यलाई सुचारु रूपमा अगाडि बढाइएको छ।

**सडक पूर्वाधार तथा सडक सञ्जाल विस्तारतर्फ:**

- गढी वडा नं. ६ कमल साहुको घरदेखि उत्तरतर्फ गढी ५, ६ र २ को काली मन्दिर जोड्ने कूल ७ किलोमिटर रणनीतिक सडक खण्डमध्ये ६ किलोमिटरमा बेस राख्ने कार्य पूर्ण रूपमा सम्पन्न भइसकेको छ। बाँकी १००० मिटर सडकको बेस वर्क समेत सकिएर हाल उक्त सम्पूर्ण सडक कालोपत्रे (पिच) गर्ने तयारी अवस्थामा रहेको सहर्ष जानकारी गराउँदछु।
- त्यसैगरी, वडा नं. १ खनारको सिमानादेखि चाँदबेला सिमाना, लक्ष्मनिया देखि जमुवा झुन्की डोरा टोल वडा कार्यालय हुँदै खनारको सिमानासम्म कालोपत्रे गर्ने योजना अन्तर्गत कूल २ किलोमिटर सडकमध्ये २ किलोमिटर नै बेस हाल्ने कार्य सम्पन्न भई, प्राइम कोट समेत भइसकेको र हाल यो सडक पिच गर्नका लागि तयारी अवस्थामा रहेको छ।

**कृषि, शिक्षा तथा लक्षित वर्ग आवास पूर्वाधारतर्फ:**

- हाम्रा कृषक दाजुभाइ तथा दिदीबहिनीहरूलाई सिँचाइको भरपर्दो सुविधा पुर्‍याउने उद्देश्यले गाउँपालिकाभरि कृषक समूहका लागि डीप बोरिङ्ग सिँचाइ कार्य ठेक्का प्रक्रियामार्फत निरन्तर रूपमा सञ्चालन भइरहेको छ।
- शिक्षा क्षेत्रको पूर्वाधारतर्फ औरावनी २ स्थित सरस्वती माध्यमिक विद्यालयमा ४ कोठे सुविधासम्पन्न विद्यालय भवनको निर्माण कार्य हाल तीव्र गतिमा अगाडि बढिरहेको छ।
- विपन्न वर्गको सुरक्षित आवासको अधिकार सुनिश्चित गर्न वडा नं. ०२ मा चुजी फाउण्डेशन, ग्रामीण महिला उत्सुकता विकास मञ्च (**FORWARD**) तथा गढी गाउँपालिकाको साझेदारीमा

अति विपन्न वर्गको लागि ४० घर निर्माण सम्पन्न भई यसै आ.व. मा हस्तान्तरण गरिसकिएको र साथै संकल्प नेपाल, **Habitat for Humanity Nepal** र गढी गाउँपालिकाको उदाहरणीय सहकार्यमा विपन्न बस्तीका लागि सुरक्षित आवास निर्माण कार्य अन्तर्गत वडा नं. ०३ मा २५ वटा सुरक्षित घरहरूको निर्माण कार्य सफलतापूर्वक सम्पन्न भई हस्तान्तरणको प्रक्रियामा रहेको जानकारी गराउन पाउँदा मलाई अत्यन्त खुसी लागेको छ।

**अन्य पूर्वाधार योजनाहरू:**

- विभिन्न योजनाहरू, जस्तै– भवानीपुर विद्यालयको मन्दिर निर्माण, मझौँ कृषि टहरा निर्माण र वडा नं. ५ मा ट्रस ब्रिज (**Truss Bridge**) निर्माण कार्यको लगभग ९० प्रतिशत प्रगति हासिल भई सम्पन्न हुने चरणमा पुगेका छन्।
- यसका साथै, पालिका र वडाहरू अन्तर्गतका विभिन्न योजनाहरू मार्फत विभिन्न मठ-मन्दिर, सामुदायिक भवनहरूको जीर्णोद्धार, उच्चस्तरीय ग्राभेल कार्यका साथै विभिन्न स्थानहरूमा मर्मत-सम्भारका कार्यहरू सफलतापूर्वक सम्पन्न गरिएका छन्।

**आदरणीय सभा सदस्यज्यूहरु,**

**आम गढीवासीहरुको विकास र समृद्धी प्रतिको चाहनालाइ यस नीति तथा कार्यक्रममा प्रतिबिम्बित गर्न हामीले समय सापेक्ष आवश्यक ऐन, नियम, कानून कार्यविधि तथा निर्देशिकाहरु बनाउदै तिनको क्रमशः कार्यान्वयन गर्दै लैजाने, नीति तथा कार्यक्रमलाइ आर्थिक वर्षको बजेटसंग संयोजन हुने गरी तयार गर्ने र यसलाइ गाउँपालिकाबासीहरुको समग्र विकासको खाकाको रुपमा परिणत गर्ने उद्देश्यका साथ आ.व.२०८३।८४ को नीति, कार्यक्रम तथा बजेट गाउँ कार्यपालिकाको निर्णय बमोजिम स्थानीय तहको सत्रौँ गाउँसभामा यहाँहरु समक्ष पेश गर्न पाउँदा आफुलाई खुशी र गौरवान्वित ठानेको छु।**

**आदरणीय सदस्यज्यूहरु,**

**गढी गाउँपालिकाको चालु वर्षको नीति, कार्यक्रम तथा बजेट निर्माणका क्रममा प्रमुख रुपमा लिईएको निम्न आधारहरु प्रस्तुत गर्न अनुमति चाहन्छुः**

गढी गाउँपालिका

नेपालको संविधानमा व्यवस्था भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु तथा संविधानका अनुसूची ८ र ९ मा रहेका स्थानीय तहका एकल अधिकार र साझा अधिकारका सूचीहरुमा भएका व्यवस्था, सोहौँ योजना, दिगो विकासका लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अर्थ मन्त्रालयवाट प्राप्त मार्गदर्शन, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश सरकारको तर्फबाट समयसमयमा जारी भएका मार्गदर्शन तथा परिपत्रहरु, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७५, प्राकृतिक श्रोत तथा वित्त आयोग र विभिन्न विषयगत समितिवाट प्राप्त सुझावहरु, राजश्व परामर्श समितिवाट प्राप्त सुझावहरु तथा स्थानीय बुद्धिजीवी एवं बौद्दिक व्यक्तित्वहरुको आमभेलाबाट प्राप्त भएका सुझावहरुको आधारमा संम्भव भएसम्म जन चाहनालाई समेट्ने अभिप्राय लिइ प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ ।

गढी गाउँपालिका

सम्मानित यस गरिमामय सभामा म आगामी आर्थिक वर्ष २०८३/०८४ को यस गढी गाउँपालिकाको समग्र नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**आर्थिक विकास नीतिः**

१. कृषि विकासः

- गाउँपालिकाको कृषि क्षेत्रलाई प्राविधिक रूपमा सबल बनाउन कृषि स्नातक करार कार्यक्रम मार्फत दक्ष प्राविधिक जनशक्ति परिचालन गरी कृषकहरूलाई खेतबारीमै प्राविधिक सेवा पुऱ्याइनेछ।
- माटोको उत्पादकत्व वृद्धि र दिगो खेती प्रणालीका लागि गाउँपालिकाभित्र व्यापक रूपमा माटो स्वास्थ्य सुधार कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि क्षेत्रको व्यवस्थित विकासका लागि कृषि विकास रणनीति (**ADS**) को प्रभावकारी अनुगमन तथा समन्वय गरिनेछ।
- कृषकहरूको पहिचान र राज्यबाट प्राप्त हुने सेवा सुविधालाई पारदर्शी बनाउन किसान सूचीकरण कार्यक्रम लाई तीव्रताका साथ सञ्चालन गरिनेछ।
- नीति निर्माण र योजना तर्जुमालाई तथ्यपरक बनाउन पालिकास्तरमा कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम सञ्चालन गरी एकीकृत डाटाबेस तयार गरिनेछ।
- सिँचाइको असुविधा रहेका क्षेत्रहरूलाई लक्षित गरी वडा नम्बर ५ र ६ मा स्यालो ट्युबवेल वितरण कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषिमा यान्त्रीकीकरण र आधुनिकीकरणलाई प्रवर्द्धन गर्न गढी वडा नं. ३ र ४ मा पावर टेलर अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि तथा स्थानीय उत्पादनको उचित बजार व्यवस्थापनका लागि गढी-१ मा हाट बजार व्यवस्थापन तथा टहरा निर्माण कार्यलाई अगाडि बढाइनेछ।
- कृषियोग्य भूमिको उत्पादकत्व बढाउन **थलाहा, टेङ्ग्रा र जोला खोला**बाट व्यवस्थित सिँचाइ व्यवस्थापनका लागि विशेष पहल र योजना अगाडि बढाइनेछ।
- **G Foundation** र **Forward** नेपालको सहकार्यमा गाउँपालिका भित्र कृषि सम्बन्धी उद्यमशीलता कार्यक्रमहरू सञ्चालन गरी युवाहरूलाई स्वरोजगार बनाइनेछ।

- व्यावसायिक एवं औषधीय गुणयुक्त मोरिङ्गा खेतीलाई प्रोत्साहन गर्न यसका बिरुवाहरू कृषकहरूलाई निःशुल्क वा अनुदानमा वितरण गरिनेछ ।
- कृषियोग्य भूमिको उत्पादकत्व बढाउन **थलाहा, टेङ्ग्रा र जोला खोला**बाट व्यवस्थित सिँचाइ व्यवस्थापनका लागि विशेष पहल र योजना अगाडि बढाइनेछ।

२. पशु पंक्षी विकासः

- गाउँपालिकाभित्र पशुपालन व्यवसायको प्रवर्द्धन र नश्ल सुधार गरी दुग्ध तथा मासु उत्पादन बढाउन कृत्रिम गर्भाधान मिसन कार्यक्रम लाई व्यापक बनाइनेछ।
- पशुधनको सुरक्षाका लागि पशुपन्छीमा महामारी तथा आकस्मिक रोग नियन्त्रण गर्न मोबाईल भेटेरिनरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशु स्वास्थ्य सम्बन्धी महामारी र रोगहरूको छिटो तथा प्रभावकारी अनुगमनका लागि **NAHIS** (राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणाली) रिपोर्टिङ कार्यक्रम लाई सुदृढ बनाइनेछ ।
- गाउँपालिकाभित्र पशुहरूको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न पशुपन्छी खोप कार्यक्रम सञ्चालन व्यवस्थापन गरिनेछ ।
- पशुपालन सँगसँगै मासु उत्पादनमा आत्मनिर्भर बन्नका लागि वडा नम्बर २ का महिलाहरूलाई लघु उद्यमी बनाउन बाख्रा र बङ्गुर प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- दुग्ध उत्पादक र पशुपालक कृषकहरूको सहजताका लागि पालिका भित्र **चिस्यान (Chilling Center) तथा बिक्री केन्द्र** निर्माण कार्यलाई अगाडि बढाइनेछ।
- **Lutheran World Relief** सँगको साझेदारी र पालिकाको समन्वयमा "नेपालमा मत्स्य पालन आधुनिकीकरण परियोजना" सञ्चालन गरिनेछ। यस अन्तर्गत कृषकहरूलाई माछाको भुरा तथा दाना सहित प्राविधिक सहयोग उपलब्ध गराई माछा उत्पादनमा आत्मनिर्भर बन्ने नीति लिइनेछ।

३. पर्यटन विकासः

- गढी गाउँपालिकाको ऐतिहासिक र सांस्कृतिक पहिचानलाई प्रवर्द्धन गर्दै प्रमुख पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न गढदेव बुद्ध पर्यटकीय स्थल (औरावनी भमरी, सुनसरी) को पूर्वाधार निर्माण र विकास कार्यलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

- धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन अन्तर्गत गढी गाउँपालिका वडा नं. ४ मा जगदगुरु श्री रामानन्दाचार्य सेवापिठ निर्माण कार्यलाई अगाडि बढाइनेछ।

४. उद्योग विकासः

- स्थानीय स्तरमा स्वरोजगारी र उद्यमशीलता विकासका लागि लघु उद्यम विकास कार्यक्रम **(MEDPA)** लाई प्रभावकारी रूपमा सञ्चालन गर्न उद्यम विकास सहजकर्ताहरूको व्यवस्थापन गरिनेछ।
- स्थानीय स्तरमा सम्भाव्य उत्पादनहरूको उत्पादकत्व बढाउन र बजार प्रतिस्पर्धामा अब्बल बनाउन कृषक तथा उद्यमीहरूलाई कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण गरिनेछ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम पुराना उद्यमीहरूको व्यवसाय दिगो बनाउन आवश्यकताका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकासका लागि तालिम कार्यक्रम सञ्चालन गरी उद्यमीको स्तरोन्नति गरिनेछ।
- स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन चालू आर्थिक वर्षको कार्यविधि बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रमलाई तीव्रता दिइनेछ।
- महिलाहरूको आर्थिक सशक्तीकरण र आत्मनिर्भरताका लागि गढी गाउँपालिकामा महिला आयआर्जनसँग सम्बन्धित लघुउद्यम, सीप विकास तालिम र उपकरण वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

५. सहकारी विकासः

- स्थानीय स्तरमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्न र कृषि तथा लघु उद्यमीहरूलाई सहुलियतपूर्ण वित्तीय पहुँच पुऱ्याउन पालिकाभित्रका सहकारी संस्थाहरूलाई स्थानीय आर्थिक विकासको मुख्य साझेदार का रूपमा परिचालन गरिनेछ।
- सहकारीहरूको संस्थागत क्षमता विकास, सुशासन, र पारदर्शीताका लागि नियमित अनुगमन तथा सहकारी शिक्षा कार्यक्रमहरूलाई स्थानीय रोजगार प्रवर्द्धन र उद्यमशीलतासँग जोडेर अगाडि बढाइनेछ।

**सामाजिक विकास नीतिः**

अब म यस गरिमामय सभा समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को सामाजिक विकास नीति अन्तर्गतका ६ वटा विषयगत क्षेत्रहरूको नीति तथा कार्यक्रम सीधा र स्पष्ट रूपमा प्रस्तुत गर्दछु:

गढी गाउँपालिका

**१. शिक्षाः**

- आधारभूत तथा माध्यमिक तहका स्वीकृत दरबन्दी र राहत अनुदान शिक्षकहरूका लागि तलब भत्ता अनुदानको पारदर्शी व्यवस्थापन गरिनेछ।
- प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदानलाई निरन्तरता दिइनेछ।
- सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक (स्थानीय विषय र मातृभाषा समेत) उपलब्ध गराइनेछ।
- तोकिएका विद्यार्थीहरूको दिवा खाजा र विपन्न लक्षित छात्रवृत्ति (कक्षा ६-१२) वितरण कार्यलाई प्रभावकारी बनाइनेछ।
- आधारभूत सिकाइ (**Foundational Learning)** प्रवर्द्धन कार्यक्रम र प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ व्यवस्थापन अनुदान उपलब्ध गराइनेछ।
- स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकासका साथै अनौपचारिक तथा परम्परागत शिक्षा सञ्चालनमा सहयोग गरिनेछ।
- गढी वडा नं. ५ स्थित गंगा आधारभूत विद्यालयको कम्पाउण्ड वाल निर्माण कार्य अगाडि बढाइनेछ।
- गगां आधारभूत विद्यालय (वडा नं. ५) को मर्मत सम्भार तथा खेल मैदान निर्माण कार्य सम्पन्न गरिनेछ।
- श्रीरामसीता आधारभूत विद्यालय (वडा नं. ३) को मर्मत सम्भार तथा खेल मैदान निर्माण कार्य सञ्चालन गरिनेछ।
- श्री जनता आधारभूत विद्यालय (वडा नं. २, कोल्हबी) मा घेराबेरा कार्य तथा मर्मत र जनता मा.वि.मा आइसिटी (**ICT)** व्यवस्थापन (वडा नं. ६) कार्य गरिनेछ ।
- **सरस्वती बहुमुखी क्याम्पस**को भौतिक सुरक्षा र वातावरण सुधारका लागि कम्पाउण्ड **घेराबेरा (Fencing)** गर्ने कार्यलाई प्राथमिकताका साथ सम्पन्न गरिनेछ ।

**२. स्वास्थ्यः**

- स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, र प्राथमिक स्वास्थ्य केन्द्रहरूमा कार्यरत स्थायी कर्मचारीहरूको स्वीकृत दरबन्दी अनुसारको तलब भत्ता व्यवस्थापन गरिनेछ ।

- स्वास्थ्य संस्थाहरूको न्यूनतम सेवा मापदण्ड कार्यक्रम (अभिमुखीकरण, समीक्षा, अनुगमन तथा सुदृढीकरण) सञ्चालन गरी स्वास्थ्य क्षेत्रको भौतिक सुधार गरिनेछ।
- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि आवश्यक औषधि खरिद कार्यलाई चुस्त र नियमित बनाइनेछ।
- राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम अन्तर्गत पोसाक प्रोत्साहन र यातायात खर्चको व्यवस्थापन गरिनेछ।
- आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसञ्चार, न्यानो झोला, सुरक्षित निःशुल्क गर्भपतन र नवजात शिशुको निःशुल्क उपचार सहितको मातृ तथा नवशिशु कार्यक्रम सञ्चालन गरिनेछ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन र बाल मृत्युदर न्यूनीकरणका लागि सामुदायिक पोषण प्रवर्द्धन आयोजना सञ्चालन गरिनेछ।
- क्षयरोगका जोखिम समूहमा सक्रिय क्षयरोग खोजपड्ताल र पि.बि.सि बिरामीका घरपरिवारको सम्पर्क परीक्षण गरी **DOTS** सेवा सुदृढ गरिनेछ।
- डेंगी, हात्तीपाइले र अन्य कीटजन्य रोगहरूको रोकथाम तथा नियन्त्रणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- मिर्गौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरूलाई मासिक ५ हजार रुपैयाँका दरले औषधि उपचार खर्च उपलब्ध गराइनेछ।
- "म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य" घरटोल स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन र मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

**३. खानेपानी तथा सरसफाई:**

- गाउँपालिकाभित्रका हरेक घरधुरीमा स्वच्छ र सुरक्षित खानेपानीको पहुँच पुऱ्याउने नीतिलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।
- सरसफाइ प्रवर्द्धनका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।
- **CSDC** को सहकार्यमा पालिका भित्रका **१,००० (एक हजार) परिवारलाई स्वच्छ खानेपानी** उपलब्ध गराउने कार्यलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

**४. संस्कृति तथा भाषा संरक्षण:**

- स्थानीय धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण र संवर्द्धन अन्तर्गत गढी वडा नं. ५ मा कार्तिक मन्दिर निर्माण र रामजानकी मन्दिरको अधुरो भवन निर्माण कार्य अगाडि बढाइनेछ।
- धार्मिक पर्यटन र सांस्कृतिक पहिचानका लागि गढी वडा नं. ३ मा शिव मन्दिर स्तरोन्नति तथा मझौको ग्रामथान निर्माण कार्य अगाडि बढाइनेछ।
- बहुसांस्कृतिक एकता र सद्भावका लागि गढी वडा नं. २ औरावनीमा थारू कल्याणकारिणी अधुरो भवन निर्माण कार्य सम्पन्न गरिनेछ।
- अल्पसंख्यक समुदायको सांस्कृतिक हक र भाषा संरक्षणका लागि गढी वडा नं. ४ मा मुस्लिम टोलमा मदरसा निर्माण कार्य अगाडि बढाइनेछ।

**५. महिला विकास, लैंगिक समानता र समावेशीकरणः**

- लैंगिक हिंसामा परेका वा पर्न सक्ने जोखिममा रहेका महिला तथा बालबालिकाहरूको तत्काल उद्धार, राहत र पुनर्स्थापनाका लागि लैंगिक हिंसा निवारणका लागि संरक्षण कोषको प्रभावकारी परिचालन गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न र उनीहरूलाई समाजमा सम्मानपूर्वक स्थापित गर्न अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ।
- बालबालिकाको सर्वाङ्गीण विकास र अधिकार सुनिश्चितताका लागि "बालापनको रक्षा भविष्यको सुरक्षा" (बाल संरक्षण प्रणाली सुदृढीकरण) कार्यक्रम सञ्चालन गरिनेछ।
- सामाजिक तथा आर्थिक रूपमा पछाडि पारिएका महिलाहरूको नेतृत्व र सीप विकासका लागि १० महिने कार्यगत अभ्यास तालिम (लागत साझेदारी) कार्यक्रम मार्फत समावेशीकरणलाई प्रवर्द्धन गरिनेछ।

**६. खेलकुद तथा मनोरञ्जनः**

- युवा तथा विद्यार्थीहरूको शारीरिक एवं मानसिक विकासका लागि विद्यालय स्तरदेखि नै खेलकुद पूर्वाधार निर्माणमा विशेष जोड दिइनेछ।
- विभिन्न वडाका सार्वजनिक तथा विद्यालयका खेल मैदानहरूको मर्मत सम्भार, स्तरोन्नति तथा सुदृढीकरण गर्ने कार्यलाई योजनाबद्ध रूपमा अगाडि बढाइनेछ।

गढी गाउँपालिका

**पूर्वाधार विकास नीतिः**

अब म यस गरिमामय सभा समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को पूर्वाधार विकास नीति सीधा र स्पष्ट रूपमा प्रस्तुत गर्दछु:

- गाउँपालिकाको दोश्रो आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न अन्तरसरकारी तहमा पहल गरी साझेदारी विकास मार्फत भौतिक पूर्वाधारहरु निर्माण गरिनेछ।
- गाउँपालिकाको आर्थिक विकासमा योगदान पुर्याउने, पालिकावासीहरुको जीवनस्तर उकास्ने र दीर्घकालीन रुपमा आय वृद्धि गर्ने खाल्का आयोजनाहरु श्रोत साधन र क्षमताको आधारमा क्रमश: कार्यान्वयनमा प्राथमिकता दिइनेछ।
- तहगत समन्वय, सहकार्य र साझेदारी मार्फत सूचना तथा सञ्चारको सहज पहुँच स्थापना गरिनेछ। भरपर्दो सञ्चार सुविधा सुनिश्चितताका लागि आवश्यक पहल गरिनेछ।
- पूर्वाधार निर्माण गर्दा वातावरणीय रुपमा कम असर पुर्याउने र दिगो एवं टिकाउयोग्य पूर्वाधारहरु निर्माणमा विशेष ध्यान दिइनेछ।
- दोश्रो आवधिक पञ्चवर्षीय योजनाको आयोजना बैंकमा रहेका पूर्वाधार योजनाहरु कार्यान्वयनमा पहिलो प्राथमिकतामा राखिनेछ।
- विगत देखिका भौतिक पूर्वाधारका निर्माणाधीन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।
- विगतमा बनेका ग्राभेल सडकको प्राथमिकताका आधारमा क्रमश: स्तरउन्नती गरी कालोपत्रे सडकको रुपमा विकास गरिनेछ।
- उपभोक्ता समितिबाट निर्माण हुने पूर्वाधार निर्माणमा लाभग्राहीहरुको लागत वा श्रम पूर्ण कडाईका साथ लागु गरिनेछ।

- यस गाउँपालिका क्षेत्र भित्र निर्माण भइसकेका घरहरुको घरनक्सा पास अन्तर्गत अभिलेखीकरण कार्यलाई निश्चित समयसीमा तोकी विशेष छुट सहितको व्यवस्था गरी अभिलेखीकरण गर्ने कार्य अघि बढाइनेछ ।

- सरकारी, ऐलानी, पर्ती, खोला खोल्सीले ओगटेको जमिन संरक्षण गर्ने साथै जमिन अतिक्रमण रोक्ने र वृक्षारोपण गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

- विगतको जेन्जी आन्दोलनका क्रममा आगजनी भई पूर्ण रूपमा क्षति भएको ऐतिहासिक गढी गाउँपालिका वडा नं. १ को कार्यालय भवन तथा कम्पाउण्ड वाल निर्माण कार्यलाई जनआकांक्षा अनुरूप पुनर्निर्माण गरी सेवा प्रवाहलाई सुदृढ बनाउन यसै आर्थिक वर्षमा उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ।

- गाउँपालिकाभित्रका विभिन्न वडा र टोलहरू जोड्ने रणनीतिक सडक संजालको विकास र नागरिकहरूको आवतजावतलाई सुरक्षित एवं सहज बनाउन सडक पूर्वाधार, कालोपत्रे तथा मर्मत-सम्भारका कार्यहरूलाई तीव्रता दिइनेछ।

- स्थानीय खोला तथा खहरेहरूमा आवतजावतलाई बाह्रै महिना सहज बनाउन र यातायातको सञ्जाललाई अझ कसिलो बनाउन संघ र प्रदेश सरकारसँगको साझेदारीमा गढीखोला झोलुङ्गे पुल लगायत अन्य रणनीतिक क्षेत्रहरूमा पुल तथा कल्भर्ट निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

- गाउँपालिकाभित्र सञ्चालित भौतिक पूर्वाधारका योजनाहरूको दिगोपना सुनिश्चित गर्नका लागि योजनाको छनौट, गुणस्तर अनुगमन र समयमै मर्मत-सम्भार गर्ने परिपाटीलाई संस्थागत गरिनेछ ।

**ऊर्जा तथा विद्युत:**

- **परम्परागत इन्धनको प्रतिस्थापन र धुवाँमुक्त पालिका बनाउने लक्ष्यका साथ नागरिकहरूलाई सुधारिएको चुलो र विद्युतीय चुलो वितरण गर्ने कार्यक्रमलाई तीव्रता दिइनेछ।**

गढी गाउँपालिका

- विगतमा विस्तार भएका विद्युतको क्षमता वृद्धि तथा मर्मतका लागि सम्बन्धित कार्यालयमा पहल गरिनेछ।
- विद्युत आपूर्ति पुग्न नसकेको क्षेत्रहरुमा नवीकरणीय ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा सौर्य ऊर्जा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विद्युत विस्तार हुन बाँकी ठाउँमा विद्युतीकरणका लागि विद्युत प्राधिकरणसँग पहल गरिनेछ। उक्त ठाउँहरुमा विद्युत कार्यालय सँग समेत साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।
- मुख्य सडकहरुमा सडक बत्ती जडानका लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँगको सहकार्यमा सञ्चालन गरिनेछ।
- सडक निर्माण तथा विस्तार कार्य गर्ने क्रममा सडक हाताभित्र परेका विद्युत पोलहरु व्यवस्थापन गर्न सम्बन्धित संस्थासँग समन्वय गरिनेछ।

**सञ्चार:**

१. स्थानीय पत्रपत्रिका तथा सञ्चार माध्यमलाई विज्ञापन तथा सूचनाहरु प्राथमिकताक्रम अनुसार उपलब्ध गराइनेछ।

२. गाउँपालिकाका हरेक क्रियाकलापहरु कार्यालयको वेबसाइट तथा मोबाईल एप मार्फत सार्वजनिक गरी प्रविधिमैत्री पालिका निर्माण गरिनेछ।

**विपद् व्यवस्थापन तथा वातावरण नीतिः**

**१. विपद् बाट हुने धनजनको क्षति कम गर्न र विपद्लाई न्यूनीकरण गर्न रेडक्रस सोसाइटी, सुरक्षा निकाय लगायत अन्य सरोकारवाला निकायहरुको सहकार्यमा विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ।**

२. वन जंगलमा क्षती पुर्याउने खाल्का गतिविधिहरु जस्तैः आगलागी, जथाभावी रुख फडानी र काष्ठपैदावारहरुको चोरी निकासी गर्नेलाई कानून बमोजिम क्षतिपूर्ति गराउने व्यवस्था कडाईका साथ लागु गरिनेछ ।

३. विकास आयोजनाहरु सडक, भवन, खानेपानी, सिँचाई, पुलपुलेसा निर्माण गर्दा मासिएर गएका रुखहरुको स्थानमा बोटबिरुवा वृक्षारोपण गरी हरितमैत्री वातावरण कायम गर्न जोड दिइनेछ ।

४. वन जंगल, वन्यजन्तु, ढुंगा, बालुवा, नदी, खोला, खानी, जडीबुटी आदि प्राकृतिक श्रोतहरुको पहिचान गरी सोको उचित व्यवस्थापन गर्दै प्रकृतिजन्य सम्पदाहरुलाई दिगो विकासको सिद्धान्त अनुकूल बनाईने नीति अवलम्बन गरिनेछ ।

५. विपद् उद्धार र तत्काल सहायताका लागि गाउँपालिका तथा वडा स्तरमा सर्वदलीय प्रतिनिधित्व सहितको विपद व्यवस्थापन तथा उद्धार समिति र स्थानीय स्तरमा विपद स्वयंसेवक समूह तयार गरी परिचालन गरिनेछ ।

६. विपद्बाट हुनसक्ने क्षति न्यूनीकरण गर्न स्थानीय प्रकोप व्यवस्थापन कोषलाई बलियो बनाउन व्यक्ति, समूह, फर्म, सरकार तथा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थालाई आव्हान गरिनेछ । विपद् व्यवस्थापनको क्षेत्रमा विभिन्न संघ संस्थाको सहयोगलाई परिचालन गरिनेछ ।

७. जलउत्पन्न प्रकोप नियन्त्रण तथा तटबन्धन कार्यक्रमलाई संघ तथा प्रदेश सरकारको सहयोगमा निरन्तरता दिइनेछ । ताल तलैया संरक्षण तथा रिचार्ज पोखरी संरक्षणलाई विशेष जोड दिइनेछ ।

८. नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित निकाय सँगको समन्वय र सहकार्यमा निजी वन व्यवस्थापन, राष्ट्रिय वन संरक्षण, सामुदायिक वन संरक्षण, वनजंगल संरक्षण र बाझो जग्गा तथा नदी उकासको जमिनमा वृक्षारोपण कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

९. सिर्जित फोहोरलाई जथाभावी फाल्ने र डम्पिङ्ग गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिने छ। आफ्नो फोहोर आफै व्यवस्थापन नगर्नेलाई दण्ड जरिवानाको नीति अवलम्बन गरिनेछ।

**सुशासन तथा संस्थागत विकासः**

१. कार्यपालिका अन्तर्गतका समितिहरुलाई आवश्यकता र औचित्यताका आधारमा पुनर्गठन गरी वार्षिक रुपमा गर्ने काम संस्थागत गरिनेछ। कार्यपालिकाका समिति र सभाका बीचको समन्वयात्मक भूमिका स्पष्ट पारिनेछ।

२. आगामी आ.व. देखि सभाका समितिहरु पुनर्गठन गरी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ। विधायकी अभ्यास र सभाका समितिहरुको काम कर्तव्यहरु व्यवस्थित गरिनेछ। मिनी सभाका रुपमा समितिहरुलाई कानून निर्माणमा प्रशस्त अभ्यास गर्नका लागि आवश्यक श्रोत उपलब्ध गराइनेछ।

३. जनप्रतिनिधीहरुलाई घटना दर्ता सक्रियता अभिवृद्धि गर्न प्रशिक्षित गरिनेछ।

४. सबै सामाजिक सुरक्षाका बैंक चेक उपलब्ध गराउन बैंक सँग समन्वय गरिनेछ।

५. सामाजिक सुरक्षा भत्तालाई "सही व्यक्तिलाई सही समयमा सही रकम प्रदान, सामाजिक सुरक्षा हाम्रो अभियान", राष्ट्रिय अभियानलाई प्रभावकारी रुपमा प्राथमिकता दिइनेछ।

६. सामाजिक सुरक्षा भत्ता प्रणालीलाई राष्ट्रिय परिचयपत्र सँग आवद्ध गरी मितव्ययिता, पारदर्शिता, जनमैत्री, सेवामुखी बनाइनेछ। सामाजिक सुरक्षा भत्ता प्रणालीलाई सबैको सरल, सहज र पहुँचयोग्य बनाइनेछ जसका लागि अपाङ्ग, असक्तहरुलाई घरदैलोमा भत्ता पुर्याउने कार्यलाई अझ प्रभावकारी रुपमा निरन्तरता दिइनेछ। सामाजिक सुरक्षा प्रणालीलाई आधुनिक प्रविधिमैत्री बनाउन आवश्यक श्रोतको सुनिश्चितता गरिनेछ।

७. गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा एकाइको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधिमैत्री बनाई जनतालाई सेवा प्रवाह गर्दा

जनप्रतिनिधि तथा कर्मचारी सबैले मुस्कान सहितको सेवा प्रवाह गर्नुपर्ने नीतिलाई अनिवार्य गरिनेछ।

८. अनुभवी, क्षमतावान र स्वयं उत्प्रेरित कर्मचारीहरु गाउँपालिकाका सम्पत्ति हुन् । तसर्थ प्रशासनिक संयन्त्रलाई आधुनिक प्रविधियुक्त बनाइँदै समयानुकुल तालिम र प्रशिक्षणमा जोड दिइनेछ । साथै अनुशासित भई काम गर्ने कर्मचारीलाई प्रोत्साहन गर्ने तथा अनुशासनहीन काम र गल्ती गर्ने कर्मचारीलाई सचेत गराइनेछ।

९. प्रत्येक चौमासिक अवधिमा यस गाउँपालिका र वडा कार्यालयहरुमा भएका गतिविधि एवं कार्यक्रमहरुको सार्वजनिक सुनुवाईको व्यवस्था गरी त्यसबाट प्राप्त पृष्ठपोषणलाई गाउँपालिकाका काम कारबाहीहरुलाई अझ पारदर्शी एवं सेवाग्राहीमैत्री बनाउँदै लगिनेछ।

१०. प्रत्येक नीति, कार्यक्रम, योजना कार्यान्वयन गर्दा गाउँ कार्यपालिकामा प्रशस्त छलफल गरी निर्णय पारदर्शी एवं मितव्ययी ढंगले सञ्चालन गर्दै लगिने नीत लिइनेछ।

११. प्रत्येक चौमासिकमा जनप्रतिनिधि र कर्मचारी बीचमा आपसी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

१२. आर्थिक अनुशासन कायम गर्ने सन्दर्भमा बाँकी बक्यौता, पेश्की, बेरुजुको लगत आवधिक गरी कडाइका साथ असुलउपर एवं फछ्र्यौट गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै प्रशासनिक खर्चमा मितव्ययिता अपनाईनेछ।

१३. प्रभावकारी वित्तीय व्यवस्थापनका लागि सूत्रमा आधारित लेखाप्रणाली निरन्तर व्यवस्थित गरिनेछ। यसै आ.व. देखि राजश्व संकलनका लागि सूत्र प्रणालीमा रहेको राजश्व मोड्युलको प्रयोग गरिनेछ।

१४. यस गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा मातहतका कार्यालयहरुमा विद्युतीय हाजिरीलाई प्रभावकारी बनाउने नीति लिईनेछ।

**१५. सबै भन्दा बढी कर संकलन गर्ने र तोकिएको समय सीमा भित्र आयोजना तथा कार्यक्रम सम्झौता र सम्पन्न गर्ने साथै सार्वजनिक सुनुवाई गर्ने वडालाई आगामी आर्थिक वर्षको बजेटमा थप रु ५ लाख बजेट सिलिङ्ग दिने नीति लिइनेछ।**

**१६. वडा स्तरमा रहेका मेलमिलाप समितिहरुको सक्रियता र क्षमता विकासका लागि आवश्यक बजेट ब्यवस्था गरिनेछ ।**

१७. महिला, विपन्न तथा सिमान्तकृत समुदायलाई लक्षित गरी टोल स्तरसम्म कानुनी साक्षरता र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ, जसबाट नागरिकहरूले आफ्ना कानुनी अधिकार र स्थानीय न्यायिक प्रक्रियाका बारेमा सहजै जानकारी पाउनेछन् ।

**राजश्व नीतिः**

**१. 'आजको कर भोलिको भर' भन्ने विषयलाई आत्मसात गर्दै वार्षिक रुपमा संकलन हुन सक्ने राजश्व अनुमान अनुसार कर परिचालन गर्न करका दर**लाई व्यावस्थित गर्दै करको **दायरा बढाउँदै लगिनेछ। राजश्व तिर्ने प्रणालीलाई सरल र पारदर्शी बनाइनेछ।**

**२. गाउँपालिका भित्रका सबै व्यवसायहरुलाई करको दायरामा ल्याइनेछ। समयमै कर तिर्ने करदाताहरुलाई** प्रोत्साहित गर्ने **नीति** लिइनेछ।

**३. कर छली गर्ने र व्यवसाय दर्ता नगरी सञ्चालन गर्ने परिपाटी अन्त्य गरिनेछ। करका दर, कर तिर्ने समय, जरिवाना र छुट सम्बन्धमा ६ वटै वडामा अभिमुखीकरण कार्य गरिनेछ।**

४. **करदाताहरुको अभिलेख व्यवस्थापन गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।**

५. **कानून बमोजिम बाहेक कर, राजश्व संकलन गरिनेछैन।**

**राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (रोजगार सेवा केन्द्र नीति तथा कार्यक्रमहरु):**

अब म यस गरिमामय सभा समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को **राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (रोजगार सेवा केन्द्र नीति तथा कार्यक्रमहरू)** सीधा र स्पष्ट रूपमा प्रस्तुत गर्दछु:

- विगतका वर्षहरूदेखि प्रधानमन्त्री रोजगार कार्यक्रमको नाम परिमार्जन भई सञ्चालनमा आएको **राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम** लाई गाउँपालिकामा प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । जस अनुरूप रोजगार आयोजना सञ्चालनका लागि ज्याला रकम स्थानीय तहबाट शत प्रतिशत लागत साझेदारी अनिवार्य गरी न्यूनतम रोजगारीको प्रत्याभूति गरिनेछ ।

- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ र युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना कार्यविधि, २०७६ लाई थप सशक्त रूपमा कार्यान्वयनमा ल्याई समुदायको विकाससँगै सामाजिक संरक्षण सुनिश्चित गरिनेछ ।

- सो कार्यविधिहरू बमोजिम सञ्चालित योजनाहरू मार्फत उत्पादन र उद्यमशीलता वृद्धि, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्दै सूचीकृत बेरोजगारहरूलाई **यस आर्थिक वर्षभित्र न्यूनतम १०० दिनको रोजगारी** प्रदान गरिनेछ।

- दक्ष, सक्षम र व्यावसायिक जनशक्तिको विकास गरी आन्तरिक रोजगारी प्रवर्द्धन गर्न व्यवस्था भए बमोजिम स्थानीय साधन र प्रविधिको उपयोग गर्दै **१० महिने कार्यगत अभ्यास तालिम (लागत साझेदारी)** कार्यक्रम सञ्चालन गरिनेछ, जसले बेरोजगार युवाहरूलाई कार्यस्थलमै व्यावहारिक सीप सिकी आत्मनिर्भर बन्न विशेष सहयोग पुऱ्याउनेछ ।

- गाउँपालिकाभित्र रहेका **१८ देखि ५९ वर्ष उमेर समूहका विपन्न तथा लक्षित सूचीकृत बेरोजगार व्यक्तिहरूलाई** पहिचान र प्राथमिकीकरण गरी रोजगारमूलक आयोजनाहरूमा आबद्ध गरिनेछ।

- वैदेशिक रोजगारीबाट फर्किएका, विभिन्न परिस्थिति र महामारीका कारण रोजगारी गुमाएका व्यक्तिहरूलाई लक्षित गरी आन्तरिक रोजगारीमा पुनर्एकीकरण गर्न आवश्यक सीपमूलक तालिमको पहिचान र स्वरोजगार उत्प्रेरणाका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

- रोजगार सेवा केन्द्रको संस्थागत र व्यवस्थापकीय क्षमता सुदृढ गर्न, बेरोजगारहरूका लागि अनिवार्य अभिमुखीकरण सुनिश्चित गर्न **रोजगार सेवा केन्द्र सञ्चालन सुनिश्चित** गरिनेछ।

- स्थानीय स्तरमा आधुनिक प्रविधि र श्रम बजारको सूचना प्रवाहलाई सुदृढ गर्न सरोकारवालाहरूका लागि **डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धी अभिमुखिकरण एवं प्रवर्द्धन कार्यक्रम** सञ्चालन गरिनेछ।

- आन्तरिक रोजगारी सिर्जना र प्रवर्द्धनका लागि रोजगारदाता, निजी क्षेत्र र सरोकारवालाहरू बीच **रणनीतिक संवाद तथा छलफल कार्यक्रम** आयोजना गरी सहकार्य र समन्वयमा जोड दिइनेछ।

- श्रमको उचित मूल्याङ्कन र आदर गर्ने संस्कृतिको विकासका लागि गाउँपालिकाभर **श्रमको सम्मान राष्ट्रको अभियान** सम्बन्धी विविध क्रियाकलापहरू सञ्चालन गरिनेछ।

- कार्यक्रमको पारदर्शिता र सुशासनका लागि सूचीकृत बेरोजगार व्यक्तिहरूको विवरण, आयोजनाहरूको प्रगति प्रतिवेदन, र वित्तीय विवरणहरूलाई **रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS)** मा नियमित रूपमा अभिलेख र अध्यावधिक गरिनेछ।

**माननीय सभासदस्यज्यूहरू,**

विभिन्न आन्तरिक तथा बाह्य चुनौतीहरूका बीच पनि आम गढीवासीहरूको विकासप्रतिको असीमित चाहना र भरोसालाई सीमित स्रोत-साधनको विवेकपूर्ण, न्यायोचित र सन्तुलित वितरण मार्फत पूरा गर्न हामी दृढ संकल्पित छौँ।

**अन्त्यमा,**

आर्थिक वर्ष २०८३/०८४ को यस नीति तथा कार्यक्रमले गढी गाउँपालिकालाई एक समुन्नत, समृद्ध र नमूना गाउँपालिकाको रूपमा रूपान्तरण गर्ने दूरगामी आकांक्षालाई आत्मसात गरेको छ। मलाई पूर्ण विश्वास छ, यस नीति तथा कार्यक्रमको वस्तुनिष्ठ र प्रभावकारी कार्यान्वयनबाट स्थानीय उत्पादन र उत्पादकत्वमा वृद्धि हुनेछ, नागरिकहरूको जीवनयापनमा सहजता आउनेछ, मानव विकासका सूचकाङ्कहरूमा सुधार हुनेछ, र वातावरण संरक्षणमा ठूलो योगदान पुग्नेछ। साथै, विगतका क्षतिहरूको पुनर्निर्माण र पुनस्थापना गर्दै समता र समानतामा आधारित सामाजिक न्याय सुनिश्चित भई आम नागरिकले गुणस्तरीय सेवा सहज रूपमा प्राप्त गर्ने आधार तयार हुनेछ।

गढी गाउँपालिका

नेपालको संविधानको मर्म, संघीय सरकार तथा प्रदेश सरकारको मार्गदर्शन, कोशी प्रदेश सरकारको नीति, कार्यक्रम र बजेटको सोचसँग तादात्म्यता मिलाउँदै गढी गाउँपालिकाको दोस्रो आवधिक पञ्चवर्षीय योजना (आ.व. २०८३/०८४) का लक्ष्य र उद्देश्यहरू हासिल गर्न यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै तहका सरकारहरू, विकास साझेदार संघ-संस्थाहरू, सञ्चार जगत् तथा आम गाउँपालिकावासी दाजुभाइ तथा दिदीबहिनीहरूको सदैव झैँ अझ बढी रचनात्मक सहयोग र दरिलो साथ प्राप्त हुनेछ भन्ने मैले पूर्ण विश्वास लिएको छु।

हाम्रो सामु विद्यमान रहेका असंख्य चुनौतीका चाङ्हरूलाई वैज्ञानिक, जनमुखी, पारदर्शी र उत्तरदायीपूर्ण योजना एवं कार्यक्रमहरू मार्फत सुनौला अवसरहरूमा रूपान्तरण गर्ने अहम् जिम्मेवारी हामी जनप्रतिनिधिहरूको काँधमा आएको छ। हामी व्यवस्थापकीय, कार्यपालिका र न्यायिक अधिकारको पूर्ण, विवेकपूर्ण र न्यायसङ्गत प्रयोग गर्दै 'समृद्ध गढी, सुखी गढीवासी' को साझा सपना साकार पार्न सदैव अहोरात्र खटिरहने प्रतिबद्धता यस सम्मानित गाउँसभा समक्ष पुनः दोहोऱ्याउन चाहन्छु।

यस गरिमामय नीति तथा कार्यक्रमको मस्यौदा तर्जुमा गर्न आफ्नो अमूल्य सुझाव र सहयोग प्रदान गर्नुहुने आदरणीय उपाध्यक्षज्यू, कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत शाखाका राष्ट्रसेवक कर्मचारीहरू, विभिन्न समितिका पदाधिकारीज्यूहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू, नागरिक समाज र सम्पूर्ण गढीवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हृदयदेखि नै हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछु।

**धन्यवाद।**

**जय गढी, जय नेपाल।**

गढी गाउँपालिका